# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

### इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुले परिवर्त्य विदेशी मुद्रामा ऋण लिन सक्ने व्यवस्था सम्बन्धी
### सूचना

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०ख. ले दिएको अधिकार प्रयोग गरी यस बैंकबाट इजाजतपत्रप्राप्त गरेका लघुवित्त वित्तीय संस्थाहरुले देहायका शर्तहरुको पालना गर्ने गरी विदेशी बैंक तथा वित्तीय संस्थाहरुका साथै नियामक निकायबाट स्वीकृतप्राप्त विदेशी पेन्सन फण्ड, हेज फण्ड लगायत अन्य संस्थाहरुबाट परिवर्त्य विदेशी मुद्रामा ऋण लिन सक्ने व्यवस्था गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

(१) यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले विदेशी मुद्रा आर्जन गर्ने पर्यटन, कृषि क्षेत्र, लघु उद्यम तथा व्यवसाय, लघु जलविद्युत तथा नवीकरणीय उर्जा, रोजगारी तथा स्वरोजगारी सिर्जना मार्फत आयआर्जन, गरिबी निवारण र उत्पादन अभिवृद्धिमा सहयोग पुग्ने गरी आफ्नो कारोबार क्षेत्रभित्र पर्ने उद्यम, व्यवसाय, परियोजना, साना तथा मझौला उद्योग, अन्य उत्पादनमुलक क्षेत्र आदिमा कर्जा प्रवाह गर्ने प्रयोजनका लागि वित्तीय साधनको प्रवन्ध गर्न विदेशी बैंक तथा वित्तीय संस्थाहरुका साथै नियामक निकायबाट स्वीकृतप्राप्त विदेशी पेन्सन फण्ड, हेज फण्ड लगायतका स्रोतबाट परिवर्त्य विदेशी मुद्रामा ऋण लिन सक्नेछन् ।

(२) यस बैंकले तोके बमोजिमको पूँजीकोष कायम गरेका लघुवित्त वित्तीय संस्थाहरुले मात्र यस्तो ऋण लिन सक्ने छन् ।

(३) यस्तो ऋण लिदा उक्त ऋण रकम समेत जोड्दा आफ्नो प्राथमिक पुँजीको बढीमा ३० गुणा सम्म मात्र वित्तीय श्रोत परिचालन हुन सक्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(४) यस्तो ऋण लिन सम्बन्धित संस्थाको संचालक समितिबाट निर्णय भएको हुनु पर्नेछ ।

(५) ऋण दिने विदेशी संस्थालाई अन्तर्राष्ट्रिय रुपमा वित्तीय कारोवार गर्नमा कुनै किसिमको प्रतिवन्ध नलगाइएको हुनु पर्नेछ ।

(६) यस्तो ऋणको भुक्तानी अवधि न्यूनतम १ वर्षदेखि अधिकतम ५ बर्षसम्मको मात्र हुनु पर्नेछ । तर, यस बैंकको स्वीकृति लिइ नवीकरण गर्न सकिनेछ ।

(७) ऋणको व्याजदर लगायत ऋणदाताले लगाउने अन्य सम्पूर्ण शुल्क (Fee) समेत गरी अधिकतम 6 Month Libor + 4% भित्र हुनु पर्नेछ । उक्त व्याजदर बाहेक कर्जा स्वीकृति गर्दा लिईने अन्य कुनै शुल्क, कमिशन दिन पाइने छैन । उक्त व्याज लागतको सीमाभित्र रहेर कर्जा स्वीकृत गर्ने प्रयोजनको लागि कुनै शुल्क, कमिशन तिर्नुपर्ने भए ऋण प्राप्त भएपछि भुक्तानी दिने गरी व्यवस्था मिलाउन सकिनेछ ।

(८) यस्तो ऋण विदेशबाट भित्र्याउने प्रयोजनको लागि ऋण प्रदान गर्ने विदेशी संस्थालाई कुनै किसिमको धितो, जमानत, बैंक ग्यारेन्टी दिन पाइने छैन ।

(९) यस्तो ऋण लिन यस बैंकबाट पूर्व स्वीकृति लिनु पर्नेछ । ऋण रकम भित्रिसके पश्चात् अनिवार्य रुपमा यस बैंकमा लेखाङ्कन गराउनु पर्नेछ । ऋणको साँवा ब्याज भुक्तानी गरे पश्चात सो सम्बन्धमा यस बैंकलाई अबिलम्ब जानकारी गराई यस बैंकको अभिलेखमा अद्यावधिक गराउनु पर्नेछ । साथै, ऋणको ब्याज भुक्तानी गर्दा प्रचलित नियमानुसार लाग्ने कर कट्टी गरेर मात्र भुक्तानी गर्नु पर्नेछ ।

(१०) बैंकले ऋण रकम भित्र्याउँदा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको पूर्ण पालना गर्नु पर्नेछ ।

५।२३

**(सरिता भट्ट अधिकारी)**
**कार्यकारी निर्देशक**
**विदेशी विनिमय व्यवस्थापन विभाग**

मिति २०७५/१०/१७ गते प्रकाशित यसै विषयसँग सम्बन्धित सूचना खारेज गरिएको छ ।

Website: www.nrb.org.np/fxm मा प्रकाशित मिति : २०७६/०५/२३